नेकपा (माओवादी)

चुनाव चिन्ह
गुलावको फुल

# सल्यान जिल्ला
# प्रतिनिधि सभा उम्मेदवार
# चन्द्र बहादुर खड्का (असल क्षेत्री)
# प्रतिवद्धता पत्र



## सहिद, बेपत्ता र घाइते योद्धाप्रति ऐतिहासिक जिम्मेवारी

- म स्वयं जनयुद्धको घाइते तथा सहिदको सन्तान भएको नाताले, सहिद-बेपत्ताका सपना, परिवारका आँसु र घाइते योद्धाको सम्मान, पहिचान तथा अधिकार सुनिश्चित गर्न अग्रपंक्तिमा उभिनेछु।
- राहत, उपचार, रोजगारी तथा सामाजिक सुरक्षालाई कानुनी अधिकारका रूपमा स्थापित गराउन संसदमा संघर्ष गर्नेछु।

## जनताको शासन, जनताको कानुन

- सिंहदरबार केन्द्रित शासन होइन, जनतामा शासनसत्ता हस्तान्तरण हुने कानुन निर्माणमा पहल गर्नेछु।
- जनताको पक्षमा कानुन निर्माण र कार्यान्वयन गराउन दृढतापूर्वक उभिनेछु।
- भ्रष्टाचार, तस्करी, दलाली र राष्ट्रघातका विरुद्ध जोडदार आवाज उठाउँदै निरन्तर संघर्ष गर्नेछु।

## सल्यानको विकास : नारामा होइन, परिणाममा

- सडक, स्वास्थ्य, खानेपानी, शिक्षा, विद्युतीकरण तथा पर्यटकीय र धार्मिक स्थललाई प्राथमिकतामा राखी काम गर्नेछु।
- ग्रामीण बस्तीहरूमा सेवा-सुविधा पुऱ्याउन विशेष विकास योजना निर्माणमा पहल गर्नेछु।
- राप्ती राजमार्गलाई सल्यानको पहिचान बनाउँदै, स्थानीय सडक, पुल तथा कृषि पहुँच मार्गको निर्माण, पुनर्निर्माण र व्यवस्थापनमा जोड दिनेछु।

## किसान, मजदुर र युवाको पक्षमा

- सल्यानमा उत्पादित वस्तुको बजार र उचित मूल्य सुनिश्चित हुने नीति निर्माणमा लाग्नेछु।
- मजदुरको श्रमको सम्मान र न्यूनतम पारिश्रमिक सुनिश्चित गर्ने कानुन निर्माणमा जोड दिनेछु।
- युवालाई वैदेशिक पलायन होइन, स्वदेशमै रोजगारी र उद्यमशीलतातर्फ उन्मुख गराउने नीति निर्माणमा पहल गर्नेछु।

## शिक्षा, स्वास्थ्य र सामाजिक न्याय

- गुणस्तरीय तथा निःशुल्क सार्वजनिक शिक्षाको पक्षमा दृढतापूर्वक उभिनेछु।
- आधारभूत स्वास्थ्य सेवा गाउँ-गाउँ पुऱ्याउन राज्यको दायित्व सुनिश्चित गराउनेछु।
- ७० वर्ष नाघेका वृद्ध-वृद्धा र सुत्केरी महिलाका लागि निःशुल्क एम्बुलेन्स सेवा र उपचार नीति निर्माणमा पहल गर्नेछु।
- महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा पछाडि पारिएका वर्गको सम्मान र अधिकारका लागि निरन्तर संघर्ष गर्नेछु।

## परिवर्तनको रक्षा र समाजवाद निर्माण

- जनयुद्ध, जनआन्दोलन तथा जेन्जी विद्रोहबाट प्राप्त उपलब्धिहरूको रक्षा गर्दै समाजलाई अग्रगमनतर्फ डोर्याउनेछु।
- प्रतिगमन, निराशा र अवसरवादका विरुद्ध जनतालाई संगठित गर्दै अघि बढ्नेछु।
- विचार, निष्ठा, त्याग र समर्पणको राजनीतिलाई स्थापित गर्न निरन्तर लागिरहनेछु।